# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

## अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७२/७३)

**नेपाल राष्ट्र बैंक**

**अनुसन्धान विभाग**

**आर्थिक विकास शाखा**

बालुवाटार, काठमाण्डौ ।

२०७२ चैत

## अध्ययन प्रतिवेदनको संक्षिप्त परिचय

१. नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुसार आर्थिक वर्ष २०७२/७३ को प्रथम छ महिनाको आर्थिक गतिविधि समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

२. प्रतिवेदन नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग, आर्थिक विकास शाखा र नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट तोकिएका ४७ जिल्लाहरुमा गरिएको स्थलगत सर्वेक्षण र सरोकारवालाहरुसँगको अन्तरक्रियामा आधारित रहेको छ ।

३. प्रतिवेदनमा तोकिएका ४७ जिल्लाहरुको कृषि, उद्योग र सेवा क्षेत्रमा समीक्षा अवधिसम्मको स्थिति तथा आर्थिक वर्षको बाँकी अवधिको परिदृश्य लगायत यी क्षेत्रहरुमा देखिएका चुनौतिहरुको संक्षिप्तमा चर्चा गरिएको छ ।

४. अध्ययनमा समावेश क्षेत्र र जिल्लाहरु देहाय वमोजिम रहेका छन् ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू |
|---|---|
| काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा र सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत र म्याग्दी |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी |

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | | **३-७** |
| १.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ | कृषि उत्पादन | ४ |
| १.३ | सिँचाइ सुविधा | ६ |
| १.४ | क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| १.५ | कृषि उत्पादनको परिदृश्य | ६ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | | **८-१०** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ८ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ९ |
| २.३ | औद्योगिक उत्पादनको परिदृश्य | १० |
| **परिच्छेद ३ सेवा क्षेत्र** | | **११-१३** |
| ३.१ | पर्यटन उद्योग | ११ |
| ३.२ | घर-जग्गा कारोबार | ११ |
| ३.३ | वित्तीय सेवा | ११ |
| ३.४ | यातायात तथा संचार | १२ |
| ३.५ | सेवा क्षेत्रको परिदृश्य | १३ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | | **१४-१५** |
| ४.१ | कृषि क्षेत्र | १४ |
| ४.२ | उद्योग क्षेत्र | १४ |
| ४.३ | सेवा क्षेत्र | १५ |
| ४.४ | पूर्वाधार क्षेत्र | १५ |

# सारांश

१. आर्थिक वर्ष २०७२/७३ को पहिलो छ महिनामा एकातिर मौसम प्रतिकुल रहेको र अर्कोतर्फ तराई क्षेत्रमा बन्दहडताल, सीमा नाकाहरुमा व्यापार अवरोध लगायतका कारणहरुले आर्थिक गतिविधि शिथिल देखिएको छ । सो अनुसार चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर गत आर्थिक वर्षको तुलनामा न्यून रहने परिदृश्य देखिएको छ ।

२. आर्थिक वर्ष २०७२/७३ को पहिलो छ महिनामा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको **कृषि क्षेत्रको समग्र अवस्था निराशाजनक देखिएको छ** । समीक्षा अवधिमा खासगरी कृषि उपजले ढाकेको समग्र भू-क्षेत्रमा ह्रास आएको छ । यस अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादनमा ७.८ प्रतिशत, कोदोको उत्पादन २.२ प्रतिशत र आलुको उत्पादनमा ३.७ प्रतिशतले ह्रास आएको छ भने मकैको उत्पादनमा ३.९ प्रतिशतले वृद्धि भएको छ । तरकारीको उत्पादनमा ८.६ प्रतिशतले गिरावट आएको छ** । यस अवधिमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा ३.४ प्रतिशतले वृद्धि भएको छ** ।

३. अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ३९.५ प्रतिशत उपयोग गरेका छन्** । समीक्षा अवधिमा वनस्पति घिउ, भटमासको तेल, तोरीको तेल, प्रशोधित दूध, गहुँको पिठो, पशुदाना, चिनी, हल्का पेय पदार्थ, प्लाष्टिकका सामान, सिमेन्ट, फलामको छड तथा पत्ति, घरेलु धातुका सामान एवम् विजुलीका तार र केबुलको उत्पादन घटेको छ भने चामल, चकलेट, तयारी पोशाक र आल्मुनियम आदिको उत्पादन बढेको छ । त्यसैगरी, समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा ६.३ प्रतिशतले वृद्धि भएको छ** ।

४. समीक्षा अवधिमा **घरजग्गा कारोबारमा गिरावट आएको** छ । घर-जग्गा रजिष्ट्रेशन संख्यामा २८.० प्रतिशतले कमि आएको छ भने रजिष्ट्रेशन वापतको राजस्व संकलन सामान्य वृद्धि भएको छ ।

५. अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुको समीक्षा अवधिमा **निक्षेप परिचालन ६.९ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाह ५.५ प्रतिशतले वृद्धि भएको** छ । फलस्वरुप गत वर्षको सोही अवधिको अन्तमा ७९.४ प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा घटेर ७४.९ प्रतिशतमा झरेको** छ । बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.९ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५५.४ प्रतिशत रहेको** छ ।

६. समीक्षा अवधिमा **सवारी साधनको दर्ता १३.१ प्रतिशतले वृद्धि भएको** छ । त्यसैगरी, संचार क्षेत्र अन्तर्गत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) **तथा ल्याण्ड लाइन टेलिफोनको संख्यामा १२.१ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित इन्टरनेट सेवामा १९.६ प्रतिशत वृद्धि भएको** छ ।

७. स्थलगत सर्वेक्षणको क्रममा कृषि, उद्योग र सेवा क्षेत्रमा विभिन्न प्रकारका चुनौतिहरु देखिएका छन् । कृषि क्षेत्रमा **सिँचाइ सुविधामा विस्तार नहुनु, उन्नत जातका बीउ-बिजन तथा गुणस्तरीय रासायनिक मलको सहज आपूर्ति हुन नसक्नु, कृषि श्रमिकहरुको अभाव रहनु, कृषि औजारहरु सहज रुपमा उपलब्ध नहुनु, कृषि प्रसार सेवा कमजोर हुनु, वित्तीय पहुँच न्यून हुनु तथा लगानीको सुनिश्चितता** जस्ता चुनौतीहरु कृषि क्षेत्रमा छन् । उद्योग क्षेत्रको विकासका लागि **ऊर्जा संकटको दीर्घकालीन समाधान, औद्योगिक पूर्वाधारको विकास,**

**लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित** गर्नु चुनौतिपूर्ण रहेको छ । त्यसैगरी, **वित्तीय सेवाको पहुँचमा अभिवृद्धि, वित्तीय साक्षरता अभियान, व्यवस्थित र स्तरीय पर्यटन सेवाको विकास तथा विस्तार** आदि सेवा क्षेत्रका प्रमुख चुनौतिहरु रहेका छन् ।

८. स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क एवम् सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रियाको आधारमा आंकलन गर्दा आर्थिक वर्ष २०७२/७३ मा **मुलुकको समग्र आर्थिक वृद्धि सन्तोषजनक रहने देखिएको छैन ।** खासगरी, यस वर्ष प्रतिकुल मौसमको कारण खेती गरिएको क्षेत्रफल घट्न गएको तथा खेती गरिएपछि पनि सुख्खा तथा लामो खडेरी कायम रहेको एवम संविधान निर्माण सँगै देशको तराई क्षेत्रमा भएको बन्दहडताल र सीमानाका अवरोधको कारण समयमा नै मल, वीउ उपलब्ध हुन नसक्दा प्रमुख खाद्य वाली लगायत तरकारी तथा फलफुल एवम् हिउँदे बालीहरुको उत्पादन सन्तोषप्रद रहने सम्भावना न्यून रहेकोले आगामी अवधिमा **समग्र कृषि क्षेत्रको उत्पादन सन्तोषजनक रहने देखिएको छैन ।** यसैगरी, तराई क्षेत्रमा भएको बन्दहडताल र सीमानाका अवरोधको कारण उद्योगी व्यवसायीहरुमा निराशा तथा नकारात्मक असर परेको एवम् कच्चा पदार्थको आपूर्ति असहजता लगायतका कारणहरुले गर्दा उद्योगहरुको क्षमता उपयोग घट्न जाने अनुमानका आधारमा **यो क्षेत्र केही संकुचित हुने देखिएको छ ।**

# परिच्छेद १

# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको भू-क्षेत्र :** आर्थिक वर्ष २०७२/७३ को पहिलो ६ महिनामा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा १.० प्रतिशतले ह्रास आएको छ। गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफलमा ०.२ प्रतिशतले घटेको थियो।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ०.९ प्रतिशतले ह्रास आएको छ। गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल १.० प्रतिशतले कमी आएको थियो। समीक्षा अवधिमा धान, कोदो, फापर, सुर्ति तथा भटमास बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ भने मकै, जौ, आलु, उखु, सनपाट, दलहन तथा तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ।




**(ख) तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ३.६ प्रतिशतले ह्रास आएको छ। गत वर्षको सोही अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ६.१ प्रतिशतले वृद्धि भएको थियो।

**(ग) फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा १.९ प्रतिशतले वृद्धि भएको छ। यस किसिमका बालीले ढाकेको क्षेत्रफल गत वर्षको सोही अवधिमा २.३ प्रतिशतले वृद्धि भएको थियो।

**(घ) क्षेत्रगत स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल विराटनगर, सिद्धार्थनगर र नेपालगञ्ज क्षेत्रमा वृद्धि भएको छ भने अन्य सबै क्षेत्रहरुमा ह्रास आएको छ। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल काठमाण्डौ, विराटनगर र सिद्धार्थनगर क्षेत्रमा वृद्धि भएको छ भने बाँकी अन्य सबै क्षेत्रहरुमा ह्रास आएको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल काठमाण्डौ, पोखरा र सिद्धार्थनगर क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

**१.२ कृषि उत्पादन :** समीक्षा अवधिमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफूल तथा मसला) को कुल उत्पादनमा ४.२ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुको उत्पादन १.६ प्रतिशतले वृद्धि भएको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन ७.८ प्रतिशत, कोदोको उत्पादन २.२ प्रतिशत, आलुको उत्पादन ३.७ प्रतिशत र दलहनको उत्पादन १९.४ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये कोदोको उत्पादन १.० प्रतिशत र दलहनको उत्पादनमा ३.१ प्रतिशतले वृद्धि भएको थियो भने धानको उत्पादन ३.२ प्रतिशत र आलुको उत्पादनमा १.७ प्रतिशतले ह्रास आएको थियो । यसैगरी, मकैको उत्पादन ३.९ प्रतिशत, उखुको उत्पादन ०.८ प्रतिशत र सनपाटको उत्पादन १.० प्रतिशतले वृद्धि भएको छ भने सुर्तिको उत्पादन ८१.१ प्रतिशत, भटमासको उत्पादन ७.४ प्रतिशत र तेलहनको उत्पादनमा २.१ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये मकैको उत्पादन १.३ प्रतिशत र सनपाटको उत्पादनमा २.० प्रतिशतले ह्रास आएको थियो भने उखुको उत्पादनमा ५.२ प्रतिशत, भटमासको उत्पादनमा १४.२ प्रतिशत, दलहनको उत्पादनमा ३.१ प्रतिशत तथा तेलहनको उत्पादनमा ०.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मनसुन ढिला शुरु हुनुका साथै गत बैशाखमा गएको विनासकारी भूकम्प तथा त्यसपछिका परकम्पका कारण कृषकहरु आफ्नो व्यवसायमा उत्साहका साथ लाग्न नसक्नु, संविधान जारी भएसँगै तराई क्षेत्रमा भएको वन्द हडताल र सीमानाकामा भएको अवरोधका कारण समयमा मल, वीउ उपलव्ध हुन नसकेको एवम् चालु वर्षमा भएको खडेरीका कारण प्रमुख खाद्य बाली धान तथा अन्य वालीहरुको उत्पादनमा ह्रास आएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा समीक्षा अवधिमा अध्ययनले समेटेका क्षेत्रहरुमध्ये काठमाण्डौ र जनकपुर क्षेत्रमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा केही वृद्धि भएको छ भने बाँकी सबै क्षेत्रमा यी बालीको उत्पादनमा ह्रास आएको छ । यस्ता बालीको उत्पादन धनगढी क्षेत्रमा सबैभन्दा बढी अर्थात् ८.० प्रतिशतले ह्रास भएको छ भने पोखरा क्षेत्रमा सबैभन्दा कम अर्थात् ४.५ प्रतिशत मात्र ह्रास भएको देखिन्छ । यसैगरी, उक्त बालीहरुको उत्पादन जनकपुर क्षेत्रमा सबैभन्दा बढी अर्थात् ७.६ प्रतिशतले वृद्धि भएको छ ।

**चार्ट २ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**



(ख) **तरकारी तथा बागवानी** : समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको उत्पादनमा ८.६ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा उक्त समूहको उत्पादन १३.७ प्रतिशतले वृद्धि भएको थियो । यस वर्ष खेती गरिएको क्षेत्रफलमा कमि आउनुका साथै खडेरीका कारण तरकारी उत्पादनमा ह्रास आएको हो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन पोखरा, सिद्धार्थनगर र धनगढी क्षेत्रमा वृद्धि भएको छ भने बाँकी अन्य सबै क्षेत्रहरुमा ह्रास आएको छ ।

(ग) **फलफूल तथा मसला** : समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन १.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादनमा २.१ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत आँपको उत्पादन १.९ प्रतिशत, केराको उत्पादन ०.२ प्रतिशत, मसलाको उत्पादन २.३ प्रतिशत, कफीको उत्पादन २३.३ प्रतिशत तथा अन्य फलफूलको उत्पादन १.६ प्रतिशतले वृद्धि भएको छ भने सुन्तलाको उत्पादन २.० प्रतिशत, स्याउको उत्पादन २८.२ प्रतिशत, चियाको उत्पादन ०.५ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा अन्य फलफूलको उत्पादनमा ह्रास आएको थियो भने बाँकी अन्य सबै फलफूलको उत्पादनमा वृद्धि भएको थियो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन विराटनगर, वीरगञ्ज, पोखरा, नेपालगञ्ज र धनगढी क्षेत्रमा वृद्धि भएको छ भने बाँकी क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन** : समीक्षा अवधिमा दूधको उत्पादनमा १.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा दूधको उत्पादन ४.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मासु उत्पादन ११.६ प्रतिशत र अण्डाको उत्पादन २.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा मासुको उत्पादन ७.९ प्रतिशत र अण्डाको उत्पादन ४.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादनतर्फ खसी, बोका तथा भेडाको मासु उत्पादन २.७ प्रतिशत र सुंगुर तथा बंगुरको मासु उत्पादन २.० प्रतिशतले ह्रास आएको छ भने कुखुरा तथा हाँसको मासु उत्पादन ०.५ प्रतिशत र भैसी तथा राँगाको मासु उत्पादन ३०.८ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा यस्तो उत्पादन ९.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा माछाको उत्पादन ७.३ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठको उत्पादन ४.० प्रतिशत र दाउराको उत्पादन २९.३ प्रतिशतले वृद्धि भएको छ भने औषधिजन्य उत्पादन र अन्य उत्पादन क्रमशः १२.५ प्रतिशत र ७०.७ प्रतिशतले ह्रास आएको छ ।

क्षेत्रगतरुपमा तुलना गर्दा दूधको उत्पादन पोखरा र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, मासुको उत्पादन जनकपुर र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । अण्डाको उत्पादन जनकपुर, पोखरा र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.३ **सिँचाइ सुविधा :** समीक्षा अवधिमा अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको कुल सिंचित क्षेत्रफल २.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिंचित क्षेत्रफलमा १.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल खेती गरिएको भूभागमध्ये ४०.९ प्रतिशत क्षेत्रफल सिंचित रहेको देखिन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ४०.६ प्रतिशत कुलो, ४६.० प्रतिशत नहर, ३.१ प्रतिशत पोखरी तथा १०.३ प्रतिशत बोरिङ्गबाट सिँचाइ भएको देखिन्छ ।

**चार्ट ३ : सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**




अध्ययन क्षेत्र अनुसार समीक्षा अवधिमा सबै क्षेत्रहरुमा सिँचाइ सुविधामा विस्तार भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.४ **क्षेत्रगत कृषि कर्जा स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा ३.४ प्रतिशतले वृद्धि भई रु. ६३ अर्ब ५३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३४.९ प्रतिशत अर्थात् रु. २२ अर्ब १६ करोड प्रवाह भएको छ भने सबैभन्दा न्यून सुर्ति बालीमा ०.३ प्रतिशत अर्थात् रु. १९ करोड प्रवाह भएको देखिएको छ । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा गएको कर्जाको अंश ४.६ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश २८.२ प्रतिशत, विराटनगर क्षेत्रको १५.२ प्रतिशत, जनकपुर क्षेत्रको ७.६ प्रतिशत, वीरगञ्ज क्षेत्रको २१.२ प्रतिशत, पोखरा क्षेत्रको ८.१ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको ११.८ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ४.७ प्रतिशत तथा धनगढी क्षेत्रको अंश ३.९ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) नेपालको कृषि क्षेत्र मुख्यतया मौसमी अवस्थामा निर्भर रहने गरेको परिप्रेक्षमा चालु आर्थिक वर्ष २०७२/७३ मा मनसुनी वर्षा ढिला शुरु भएकोले धान खेती प्रभावित भएको र नेपालको संविधान निर्माणसँगै तराई क्षेत्रमा भएको वन्दहडताल र सीमानाका अवरोधका कारण किसानहरुले समयमा मल, वीउ पाउन नसकेको एवम् यस वर्ष चलिरहेको लामो खडेरीका कारण खाद्य तथा अन्न बालीहरुको समग्र उत्पादनमा गिरावट आउने अनुमान गरिएको छ ।

(ख) बजार मागमा आएको वृद्धिले तरकारी एवम् फलफूल खेतीबाट उच्च प्रतिफल प्राप्त हुने र सरकारीस्तरबाट संचालित युवालक्षित कार्यक्रमका कारण कृषकहरु व्यवसायिक खेतीतर्फ उत्साहित

भएतापनि तराई क्षेत्रमा भएको बन्द हडताल र सीमानाका अवरोधका कारण कृषकहरुले समयमा नै मल, वीउ सुलभ तरिकाबाट प्राप्त गर्न नसकेको, सुख्खा मौसम तथा खडेरीका कारण यस वर्ष यी समूहका बालीको उत्पादनमा ह्रास आउने अनुमान रहेको छ ।

(ग) सरकारले व्यवसायिक पशुपालन कार्यक्रमलाई प्रभावकारी बनाउन सञ्चालन गरेको युवालक्षित कार्यक्रम, पशुवीमा कार्यक्रम तथा प्राविधिक सेवाको विस्तार एवम् विभिन्न अनुदानका Mission कार्यक्रमहरुबाट कृषकहरु आकर्षित भएकाले दुध तथा मासुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ । त्यसैगरी, तराईका विभिन्न जिल्लाहरुमा मत्स्यपालन व्यवसाय प्रवर्द्धन गर्न सञ्चालन गरिएका Mission Fish कार्यक्रमलाई विस्तार गरिदै लगिएकोले आगामी दिनहरुमा माछाको उत्पादनमा थप विस्तार हुने देखिन्छ ।

# परिच्छेद २
# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ३९.५ प्रतिशत रहेको छ । यस अवधिमा प्रशोधित गार्मेन्ट उद्योगले आफ्नो क्षमताको सबैभन्दा बढी अर्थात् ८३.९ प्रतिशत उपयोग गरेको देखिएको छ भने चिनी उद्योगको क्षमता उपयोग सबैभन्दा कम अर्थात् २.९ प्रतिशत मात्र रहेको देखिएको छ । समीक्षा अवधिमा तराई क्षेत्रमा भएको बन्दहडताल तथा सीमानाका अवरोधका कारण उद्योग क्षेत्रमा त्यसको प्रत्यक्ष प्रभाव पर्न गई समग्र उद्योगहरुको क्षमता उपयोग घट्न गएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमध्ये वनस्पति घिउ, भटमासको तेल, तोरीको तेल, प्रशोधित दूध, गहुँको पिठो, विस्कुट, पशुदाना, चिनी, चाउचाउ, मदिरा, धागो, सिन्थेटिक कपडा, पश्मिना, हल्का पेय पदार्थ, प्रशोधित छाला, चिरेको काठ, कागज, रोजिन, रङ्ग, प्लाष्टिकका सामान, सिमेन्ट, फलामको छड तथा पत्ति, घरेलु धातुका सामान, विजुलीका तार र केवुल, टायर तथा ट्युव र कपडाको जुत्ता औषधिजन्य वस्तु, साबुन, जि.आई.तारको उत्पादनमा ह्रास आएको छ । चामल, चकलेट, प्रशोधित चिया, वियर, तयारी कपडा, ईटा र अल्मुनियमको उत्पादन भने वृद्धि भएको छ ।

(ग) समीक्षा अवधिमा तयारी कपडा समुहको उत्पादन ५३.५ प्रतिशतले वृद्धि भएको छ भने अन्य सबै समुहहरुको उत्पादनमा ह्रास आएको देखिएको छ । वनस्पती घिउ तथा तेल समूहको उत्पादन २१.८ प्रतिशत, दुग्ध पदार्थको उत्पादन २७.४ प्रतिशत, पेय पदार्थ समुहको उत्पादन ४०.० प्रतिशत, कागजको उत्पादन ८६.० प्रतिशतले र अन्य खाद्यपदार्थ समूह अन्तर्गत चकलेट र प्रशोधित चियाको उत्पादनमा वृद्धि भएतापनि यस समूहको समग्र उत्पादन ४८.२ प्रतिशतले ह्रास आएको छ । यसैगरी, अन्न तथा पशुदाना समूहको उत्पादनमा चामलको उत्पादनमा वृद्धि भएतापनि यस समुहको उत्पादन ७.६ प्रतिशतले ह्रास आएको छ । प्रशोधित छालाको उत्पादन ५०.७ प्रतिशत, चिरेको काठको उत्पादन ६.६ प्रतिशत, सिमेन्टको उत्पादन ३९.९ प्रतिशत, घरेलु धातुका सामानको उत्पादन १९.५ प्रतिशत तथा विजुलिको तार र केबुलको उत्पादन ३९.१ प्रतिशतले ह्रास आएको छ ।

(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतः प्रशोधित दूध, पस्मिना, चाउचाउ, औषधिजन्य उत्पादन, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पती घिउ तथा तेल, खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी, वीरगञ्ज क्षेत्रमा वनस्पति घिउ तथा तेल, प्रशोधित दूध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति आदि, पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि, सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट आदि, नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, सिमेन्ट आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा अवधिमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ६.३ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ८८ अर्ब ४४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १४.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३५.७ प्रतिशत रहेको छ ।

(ख) समीक्षा अवधिमा कुल औद्योगिक कर्जामध्ये खानी उद्योगतर्फ ८.८ प्रतिशतले, उत्पादन सम्बन्धी उद्योगमा ०.५ प्रतिशत, निर्माण क्षेत्रमा ८.३ प्रतिशत, विद्युत, ग्याँस तथा पानी शीर्षकमा १९.० प्रतिशत, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सामानमा ३८.० प्रतिशत र पर्यटन सेवा/उद्योगमा ९.० प्रतिशतले वृद्धि भएको छ ।

चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जा मध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ४७.८ प्रतिशत रहेको छ भने खानी सम्वन्धी उद्योगमा सबैभन्दा न्यून अर्थात् ०.६ प्रतिशतले कर्जा प्रवाह वृद्धि भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा कुल औद्योगिक कर्जाको २९.८ प्रतिशत, पर्यटन उद्योगमा ८.८ प्रतिशत, विद्युत, ग्याँस तथा पानीमा ७.८ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ५.१ प्रतिशत कर्जा विस्तार भएको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ६०.४ प्रतिशत, विराटनगर क्षेत्रको अंश ११.० प्रतिशत, जनकपुर क्षेत्रको अंश १.७ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश १०.२ प्रतिशत, पोखरा क्षेत्रको अंश ६.० प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ६.१ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश २.८ प्रतिशत र धनगढी क्षेत्रको अंश १.९ प्रतिशत रहेको छ । एकातिर अधिकांश बैंक तथा वित्तीय संस्थाहरुको केन्द्रीय कार्यालय काठमाण्डौमा रहेको र ठूलो आकारको कर्जा स्वीकृतिको अधिकार पनि केन्द्रीय कार्यालयमा रहने र अर्कोतर्फ काठमाण्डौबाट ऋण स्वीकृति गराएर अन्यत्र लगानी गर्ने प्रवृत्तिको कारणले पनि काठमाण्डौमा औद्योगिक कर्जा प्रवाहको अनुपात उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादनको परिदृश्य (Outlook)

(क) चालु आर्थिक वर्षमा कृषि उत्पादनको कच्चा पदार्थमा आधारित उद्योगहरुको क्षमता उपयोगमा ह्रास हुनगई घिउ तथा तेल, अन्न तथा पशुदाना र चिनी जस्ता खाद्य वस्तुहरुको उत्पादनमा नकारात्मक असर पर्ने देखिन्छ । आन्तरिक तथा बाह्य बजार मागमा आएको विस्तारका कारण चिया, चाउचाउ तथा हल्का पेयपदार्थजन्य बस्तुहरु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुनगई उत्पादनमा समेत सकारात्मक प्रभाव पर्न जाने देखिन्छ ।

(ख) आन्तरिक बजारका साथै अन्तराष्ट्रिय बजारमा नेपाली गार्मेन्टको माग बढिरहेको र हालै अमेरिकाले नेपाली गार्मेन्टको आयातमा सहुलियत दिएका कारण यी उद्योगहरुको क्षमता उपयोग बढ्न गई गार्मेन्टको उत्पादन वृद्धि हुनसक्ने देखिएको छ । त्यसैगरी, भूकम्पले क्षति पुऱ्याएको भौतिक संरचनाहरुको पुनर्निर्माणको लागि कार्य शुभारम्भ भइसकेको सन्दर्भमा सिमेन्ट, ईट्टा, फलामको छड तथा पत्ति, बिजुलीको तार लगायत निर्माण सामग्री उत्पादन गर्ने उद्योगहरुको उत्पादन वृद्धि हुने सम्भावना देखिएको छ ।

(ग) चालु आर्थिक वर्षको प्रथम छ महिनामा उद्योगहरुको उत्पादन स्थिति, क्षमता उपयोग र उद्योगीहरुसँगको अन्तरक्रियाको आधारमा हेर्दा चालु आर्थिक वर्षमा समग्र औद्योगिक उत्पादन संकुचन हुने परिदृश्य देखिएको छ ।

# परिच्छेद ३
# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या ०.५ प्रतिशतले वृद्धि भई १ हजार ७ सय ६ पुगेतापनि होटल शैया संख्या ०.३ प्रतिशतले कमि आई ४८ हजार ६७ पुगेको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा क्रमशः ११.१ प्रतिशत र ८.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा पर्यटक संख्यामा ७६.९ प्रतिशतले कमि आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा अवधिमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा २८.० प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा १.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ०.९ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ५१ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलनमा ४०.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ३२.७ प्रतिशतले कमि आएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा ५.९ प्रतिशतले वृद्धि भएको थियो ।

(ख) समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा २३.६ प्रतिशत, विराटनगर क्षेत्रमा २२.९ प्रतिशत, जनकपुर क्षेत्रमा ७५.६ प्रतिशत, वीरगञ्ज क्षेत्रमा ३२.४ प्रतिशत, पोखरा क्षेत्रमा ३.१ प्रतिशत, सिद्धार्थनगर क्षेत्रमा ५.६ प्रतिशत र नेपालगञ्ज क्षेत्रमा ८.४ प्रतिशतले ह्रास आएको छ भने धनगढी क्षेत्रमा १.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन काठमाण्डौ, विराटनगर, जनकपुर र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । समीक्षा अवधिमा घर/भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा नेपालगञ्ज र धनगढी क्षेत्रमा बढेको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्यामा गिरावट आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ४७ जिल्लामा वाणिज्य बैंकका १६४३, विकास बैंकका ८०७, वित्त कम्पनीका १९६ तथा लघुवित्त विकास बैंकका १७७१ गरी जम्मा ४४१७ शाखाहरु सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ११८१ तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् २१७ शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप ६.९ प्रतिशतले वृद्धि भई रु. १८ खर्ब २८ अर्ब ६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.० प्रतिशतले वृद्धि भएको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार, सर्वसाधारणहरुमा वित्तीय साक्षरता अभिवृद्धि तथा रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि लगायतका कारणहरुले निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा ५.५ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब ६९ अर्ब १ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा प्रवाहमा १३.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिको अन्तमा कर्जा निक्षेप अनुपात ७४.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ७९.४ प्रतिशत रहेको थियो ।

(घ) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६९.९ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ६.९ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.४ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५५.४ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको १०.८ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.६ प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा अवधिमा अध्ययन क्षेत्र अर्न्तगत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १३.१ प्रतिशतले वृद्धि भएको देखिन्छ, जसमध्ये मोटरसाईकलको संख्या १२.४ प्रतिशत तथा अन्य सवारी साधनको संख्या १५.१ प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ ।

(ख) नेपालमा समीक्षा अवधिमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाइल (सिडिएमए समेत) तथा ल्याण्ड लाइन टेलिफोनको संख्यामा १२.१ प्रतिशतले वृद्धि भई २ करोड ९२ लाख ९ हजार ३ सय ३० पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा १९.६ प्रतिशतले वृद्धि भई १ करोड २२ लाख ९३ हजार १ सय ३२ पुगेको छ । केन्द्रीय तथ्याङ्क विभागबाट हाले प्रक्षेपण गरिएको जनगणनालाई आधार मान्दा समीक्षा अवधिमा कुल जनसंख्याभन्दा बढी अर्थात् १०२.९ प्रतिशत नेपालीहरुमा टेलिफोनको पहुँच पुगेको देखिन्छ भने इन्टरनेटको पहुँच ४३.३ प्रतिशत

जनसंख्यामा पुगेको छ । उपभोक्ताहरुले एउटै कम्पनीको एक भन्दा बढी सेवा लिएको तथा अन्य कम्पनीहरुको समेत टेलिफोन सेवा लिएको कारण टेलिफोन पहुँच प्रतिशत दर बढी देखिएको हो ।

यस सम्बन्धी विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ ।

## ३.५ सेवा क्षेत्रको परिदृश्य (Outlook)

(क) गत बैशाखमा गएको विनाशकारी भूकम्प पश्चात् शिथिल भएको पर्यटन क्षेत्रलाई जगाउन अन्तर्राष्ट्रिय जगतमा गरिएको प्रचार प्रसारको प्रभाव एवम् समीक्षा अवधिमा पर्यटकीय होटल तथा रेष्टुरेन्टको संख्यामा भएको वृद्धि, सेवा तथा सुविधाको सुधारका कारण पर्यटक आगमनमा सुधार हुन सक्ने सम्भावना रहेको छ ।

(ख) समीक्षा अवधिमा तराईका जिल्लाहरुमा भएको वन्द हडताल र सीमानाका अवरोध चालु आर्थिक वर्षको माघ महिनादेखि हटेको र गत बैशाखमा गएको भूकम्पबाट क्षति भएका घर संरचनाहरुको पुनिर्निर्माणको काम शुरु भएको कारण घर-जग्गा राजस्व, रजिष्ट्रेशन एवम् नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ ।

(ग) नेपाल राष्ट्र बैंकले संचालन गरेको वित्तीय साक्षरता अभियान र नेपाल राष्ट्र बैंकको नीति अनुरुप दुर्गम तथा पहाडी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुले शाखा रहित बैंकिङ्ग मार्फत पनि आफ्नो उपस्थिति बढाउँदै लगेको कारण ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि हुने देखिन्छ ।

# परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- कृषि क्षेत्र अझैपनि निर्वाहमुखी स्तरबाट माथी उठ्न सकेको छैन । देशमा रोजगारी सिर्जना एवम् गरिवी निवारण गर्ने माध्यमको रुपमा उपयोग गर्न यस क्षेत्रलाई आधुनिकीकरण तथा व्यवसायीकरण तर्फ अगाडी बढाउनु चुनौतिपूर्ण रहेको छ ।
- देशको अर्थतन्त्र कृषिमा आधारित छ भने कृषि क्षेत्र मौसममा आधारित रहेको छ । कुल खेतीयोग्य भूमीको आधा भन्दा पनि कम जमीनमा आधुनिक सिँचाइ सुविधा उपलव्ध छ । सिँचाइको अभावमा व्यवसायिक खेतीको कल्पना गर्न सकिंदैन । बाह्रै महिना सिँचाइ सुविधा उपलव्ध गराउनु चुनौती रहेको छ ।
- सदावहार नदीनालाहरुबाट नहरमार्फत खेतीयोग्य भूमीमा सिँचाइ सुविधा उपलब्ध हुनु आवश्यक छ । विभिन्न क्षमताका नहरहरु निर्माण गरी सिँचाइ सुविधा प्रदान गर्न पर्याप्त बजेट आवश्यक पर्दछ । तत्काल आधुनिक सिँचाइ सुविधा प्रदान गर्ने कार्य आफैमा चुनौतिपूर्ण रहेको छ ।
- वैदेशिक रोजगारीको सिलसिलामा सकृय श्रमशक्तिको ठूलो हिस्सा पलायन हुँदा कृषि क्षेत्रमा श्रमिकको अभाव दिनप्रतिदिन गहिरिंदै गएको परिप्रेक्ष्यमा कृषि क्षेत्रमा श्रमशक्ति व्यवस्थापन गर्ने कार्य चुनौतिपूर्ण हुँदै गएको छ ।
- कृषि कार्यमा यान्त्रिकीकरणले श्रमिकको अभाव पूर्ति गर्न सहयोग पुग्ने देखिन्छ । तर, समथर ठाउँका कैयौं उर्वर भूमी घडेरीको रुपमा खण्डीकृत भइरहेका तथा पहाडको भिरालो जमीनमा यन्त्र-उपकरणहरुको प्रयोग त्यति सहज छैन । यस्तो अवस्थामा कृषिमा यान्त्रिकीकरण गर्ने कार्य चुनौतिपूर्ण रहेको छ ।
- कृषि तथा पशुजन्य उत्पादनहरु व्यवस्थित बजारमार्फत खरिद बिक्री गरिएको खण्डमा कृषकहरुले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्ने र उपभोक्ताले उचित मूल्यमा उपभोग गर्न पाउने अवस्था आउँछ । एकातर्फ यस्ता व्यवस्थित बजारहरु विकास गर्न सकिएको छैन भने अर्कोतर्फ भएका बजारहरुमा पनि कृषकहरुको पहुँच सहज देखिएको छैन । तसर्थ, कृषि विकासको लागि व्यवस्थित बजार निर्माण कार्य चुनौतीको रुपमा रहिआएको छ ।

## ४.२ उद्योग क्षेत्र

- उर्जा अभावका कारण उद्योगहरु पूर्ण क्षमतामा संचालन हुन सकेका छैनन् । वर्तमान उर्जा अभावको अन्त्य एवम् बढ्दो उर्जा माग सम्बोधन गर्न केही वर्ष कुर्नैपर्ने देखिन्छ । यस्तो अवस्थामा उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गर्ने कार्य चुनौतीको रुपमा देखिएको छ ।
- वैदेशिक रोजगारी विस्तारका कारण उद्योग क्षेत्रले पनि जनशक्तिको अभाव झेल्दै आएको छ । उद्योग क्षेत्रमा आवश्यक दक्ष जनशक्ति विकास गर्ने र त्यस्तो जनशक्तिलाई स्वदेशमै रहन उत्प्रेरित गर्ने चुनौती रहेको छ ।
- बेलाबखत भैरहने चक्काजाम, बन्द हड्ताल, यातायातमा सिण्डिकेट, लामो पारवहन मार्ग तथा पारवहनमा अनावश्यक अवरोध, कच्चा पदार्थको अभाव आदिले उत्पादित वस्तुहरुको लागत बढाउन प्रेरित गरिरहेको पाइन्छ । उत्पादन लागत कम गरी उत्पादित वस्तुहरुलाई स्वदेशी तथा विदेशी बजारमा प्रतिस्पर्धी बनाउने कार्य चुनौतिपूर्ण रहेको छ ।
- विशेष आर्थिक क्षेत्रहरु (SEZ) स्थापना तथा कार्यान्वयन, समयानुकूल श्रम कानूनको संशोधन र औद्योगिक कोरीडोरहरु व्यवस्थित गर्ने चुनौतीहरु पनि त्यत्तिकै रहेका छन् ।

## ४.३ सेवा क्षेत्र

- भूकम्प र नाकाबन्दी पश्चात शिथिल अवस्थामा रहेको पर्यटन क्षेत्रलाई पुनर्ताजगी गर्नुपर्ने चुनौती अग्रपंक्तीमा रहेको छ । नेपाल पर्यटनका लागि सुरक्षित छ भन्ने सन्देश व्यापक रुपमा प्रवाह गर्नु आवश्यक देखिन्छ ।
- भूकम्पबाट क्षतीग्रस्त ऐतिहासिक पर्यटकीय सम्पदाहरुको पुनर्निर्माण कार्यमा विलम्व भइरहेको छ । यसबाट आन्तरिक तथा वाहय पर्यटकहरुमा सकारात्मक सन्देश दिन सकिएको छैन । यस्ता ऐतिहासिक सम्पदाहरुको पुनर्निर्माण यथाशीघ्र सम्पन्न गर्नुपर्ने चुनौती रहेको छ ।
- विदेशी मुद्रा आर्जनको भरपर्दो स्रोतको रुपमा पर्यटन सेवा रँहदै आएको छ । नेपाल पर्यटकीय दृष्टिले उत्कृष्ट स्थान भएतापनि भ्रमणमा आउने पर्यटकहरुको संख्यामा सन्तोषजनक वृद्धि हुन सकेको छैन । भ्रमणमा आएका पर्यटकहरुको औसत वसाई र सो अनुरुपको खर्च बढाउने कार्य चुनौतिपूर्ण रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाहरु एवम् तिनका शाखाहरु सदरमुकाम तथा शहरी क्षेत्रमा मात्र केन्द्रित रहने प्रवृत्तिलाई निरुत्साहित गर्ने, ग्रामीण भेगमा वित्तीय सेवाको विस्तार गरी वित्तीय पहुँचमा वृद्धि गर्ने र वित्तीय साक्षरता अभियानलाई गाउँ गाउँसम्म पुऱ्याई वित्तीय सेवाको मागमा अभिवृद्धि गर्ने कार्य अझै चुनौतीको रुपमा कायम देखिन्छ ।
- विगत केही वर्ष यता देशमा सञ्चार सेवा तीब्र विस्तार भई लगभग सबै जनतामा टेलिफोन सेवाको पहुँच पुगेको देखिन्छ । संख्यात्मक रुपमा सञ्चार सेवाको विस्तार भएतापनि यसको गुणात्मक पक्ष भने कमजोर रहेको छ । आगामी दिनमा सञ्चार सेवाको गुणस्तर अभिवृद्धि गर्नुपर्ने चुनौती पनि त्यत्तिकै रहेको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- देशमा रहेको एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समस्या देखा पर्दा अन्तर्राष्ट्रिय हवाई सम्पर्कबाट विच्छेद हुनुपर्ने अवस्था छ । यसबाहेक भैरहवामा अन्तराष्ट्रिय विमानस्थल निर्माणाधिन अवस्थामा छ भने पोखरामा समेत अर्को अन्तराष्ट्रिय विमानस्थलको शिलान्यास भएको छ । यी विमानस्थलहरुको निर्माण कार्यमा तिव्रता दिई निर्धारित समयमै सम्पन्न गर्नुपर्ने चुनौती रहेको छ ।
- बाराको निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थल स्रोतको अभावमा हालसम्म निर्माण कार्य प्रारम्भ हुन सकेको छैन । यस विमानस्थलको निर्माण भएमा काठमाडैंबाट सबैभन्दा नजिकको विमानस्थलको रुपमा उपयोग गर्न सकिने देखिन्छ । यसको लागि आवश्यक स्रोत जुटाउनुको साथै जग्गा अधिग्रहणको समस्या यथाशीघ्र समाधान गरी तिव्रताका साथ निर्माण सम्पन्न गर्नु चुनौतिपूर्ण देखिन्छ ।
- पूर्वाधार क्षेत्रमा सडकको अवस्था नाजुक छ । कर्णाली अञ्चल लगायत देशका कतिपय भू-भागमा अझै सडक पुग्न सकेको छैन । पर्यटकीय महत्वका कैयौं स्थानहरुमा सडक जस्तो आधारभूत पूर्वाधारको सुविधा पुऱ्याउन सकिएको छैन । राजधानी काठमाडौंबाट तराई जोड्ने फास्ट-ट्र्याक तथा सुरुङ्ग मार्ग निर्माण अगाडी बढ्न सकेको छैन । देशका सबै स्थानहरुमा सडक सुविधा पुऱ्याउने चुनौती टड्कारो छ ।
- पूर्वाधार निर्माणमा ढिलो गरी बजेट निकासा हुने, ठेकदार छनौट गर्न लामो समय लाग्ने, काम सम्पन्न नगरी ठेकदार भाग्ने, निर्माणको गुणस्तर कमसल हुने आदि कारण सरकारी स्रोत साधनको उचित उपयोग नभएको जनगुनासो सुनिन्छ । सरकारी स्रोत साधनको अधिकतम उपयोग हुनेगरी शीघ्र पूर्वाधार विकास गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

***